## निर्णयहरू

१. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्‌को कार्यालयको मन्त्रालयगत समस्या समाधान समिति (MDAC) को बैठकमा सम्माननीय प्रधानमन्त्रीज्यूले गुनासो व्यवस्थापनलाई थप प्रभावकारी बनाउन दिनु भएको निर्देशन अनुसार हेलो सरकारलाई थप चुस्त र परिणाममुखी बनाई गुनासोको अन्तिम किनारा लगाई नियमित प्रगति विवरण पठाउने व्यवस्था गर्ने । यसका लागि सबै मन्त्रालयले गुनासो व्यवस्थापन सम्बन्धमा आफ्ना मातहतका निकायहरूलाई आवश्यक निर्देशन दिने तथा चाहिने जनशक्ति र स्रोतसाधनको सुनिश्चितता गर्ने।

२. सबै सार्वजनिक निकायहरुमा अनावश्यक सफ्टवेयरको निर्माण रोक्ने, प्रयोगमा नआएका सफ्टवेयर हटाउने, प्रयोगमा आइरहेका सफ्टवेयरबीच अन्तरआबद्धता कायम गर्ने तथा प्रयोगमा रहेका कार्यालयको सफ्टवेयरको सोर्स कोड आफैंसँग राख्ने व्यवस्था मिलाउने। सरकारी कार्यालयमा प्रयोगमा रहेका सफ्टवेयरको Security Audit गर्न सञ्चार तथा सूचना प्रविधि मन्त्रालय र विद्युतीय सुशासन आयोगले आवश्यक प्राविधिक सहयोग र सहजीकरण गर्ने।

३. विद्युतीय खरीद प्रणाली (e-gp) सञ्चालन निर्देशिका, २०८० को व्यवस्थालाई प्रभावकारी कार्यान्वयन गर्न सबै मन्त्रालयहरूले आफू अन्तर्गतका निकायहरूमा परिपत्र गर्ने।

४. राष्ट्रिय विकास समस्या समाधान समिति (NDAC) को ४८औं बैठकको निर्णयानुसार द्विपक्षीय, क्षेत्रीय र बहुपक्षीय सन्धि सम्झौताहरू कार्यान्वयनको प्रगतिको विषय आफ्नो वार्षिक प्रतिवेदनमा अनिवार्य रुपमा उल्लेख गर्ने।

५. चालु आर्थिक वर्षको नीति तथा कार्यक्रम र बजेटद्वारा खारेज गर्ने, एक आपसमा गाभ्ने वा पुनःसंरचना गर्ने उल्लेख भएका संस्थान, समिति, बोर्ड लगायतका निकायहरूको सम्पत्ति तथा दायित्व हस्तान्तरण तथा फरफारक गर्ने विषयमा सम्बन्धित मन्त्रालयले संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय र अर्थ मन्त्रालयसँग समन्वय गरी २०८० भाद्र मसान्तभित्र ठोस खाका तयार गरी समयबद्ध कार्यान्वयनमा लैजाने।

६. हरेक वर्ष भदौ २२ गते मनाइँदै आएको 'निजामती सेवा दिवस' लाई यस वर्ष पनि भव्यताका साथ मनाउन संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट निजामती सेवा दिवस मूल समारोह समिति र विभिन्न उपसमिति गठन गरी विभिन्न कार्यक्रमको आयोजना गर्ने।

मुख्य सचिव

नेपाल सरकार प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय सिंहदरबार, काठमाडौं

७. मन्त्रिपरिषद्को निर्णयका लागि क्याबिनेट स्वचालित प्रणालीमार्फत प्रस्ताव पठाउने तर उक्त प्रस्तावमा केही सुधार वा परिमार्जन गर्नुपर्ने व्यहोरा उल्लेख गरी मन्त्रिपरिषद् बैठक शाखाबाट सुझावसहित फिर्ता पठाएको लामो समय व्यतीत हुँदासमेत प्रणालीमा प्राप्त सुझाव नहेर्ने र मन्त्रालयबाट पठाएको प्रस्ताव दर्ता भए नभएको खोजी नहुने कारण त्यस्ता प्रस्तावमाथि छलफल भई निर्णय हुन बढी समय व्यतीत भइरहेको छ। तसर्थ नेपाल सरकार मन्त्रिपरिषद्बाट निर्णय हुनुपर्ने प्रस्तावहरू क्याबिनेट स्वचालित प्रणालीमा छिटो दर्ता गराउने गरी यस प्रणालीमार्फत प्राप्त भएका विषयहरू तत्काल सम्बोधन गर्ने व्यवस्था मिलाउने।

८. कार्यालय समयमा सरकारी कामकारवाहीसँग सम्बन्धित कार्यक्रममा मात्र सहभागिता जनाउने। अन्य कार्यक्रममा कार्यालय समयभन्दा बाहिर वा बिदाको दिन पारेर मात्र सहभागी हुने व्यवस्था मिलाउने।

९. नेपाल (सबै) सेवा (गठन, समूह तथा श्रेणी विभाजन र नियुक्ति) नियमहरु सम्बन्धित सेवा समूह सञ्चालन गर्ने मन्त्रालय/निकायहरूबाट शीघ्र अद्यावधिक गर्ने।

२०८०।०५।०४

नेपाल सरकार
प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
सिंहदरबार, काठमाडौं

मुख्य सचिव